गौमुल गाउँपालिका
☎ ९८४८४९२७२७
# गाउँ कार्यपालिकाको कार्यालय
घटमुना, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स २०७९।०८०
च.न ९९62

मितिः २०८०।०३।२६

विषयः सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धामा ।

श्री वडा कार्यालय सबै
गौमुल गा पा बाजुरा

प्रस्तुत विषयमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको च.न. १६० मिति २०८०।०३।०३ को प्रास पत्रानुसार सामाजिक सुरक्षा नियमावली २०७६ को नियम (९) को उपनियम (१) को नियम ८ बमोजिमको परिचय पत्र प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र नविकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ भन्ने साविको व्यवस्थामा संशोधन भई भदौ मसान्त सम्म निवेदन दिनु पर्ने प्रावधान रहेकोले सो व्यवस्था आर्थिक वर्ष २०८०।०८१ को साउन १ गते बाट लागु हुने व्यहोरा सम्बन्धीत वडा कार्यलय मार्फत सम्पुर्ण लाभग्राहीहरुलाई जानकारी गराई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचय पत्र मिति २०८०।०४।१ गते देखि भदौ मसान्त सम्म तपशिलका कागजात सहित आफ्नो वडा कार्यालयमा गई नविकरण गर्न हुन हार्दिक अनुरोध गरिन्छ ।यदि सोहि अबधि भित्र नविकरण नगरेमा सो व्यक्तिको नाम नयाँ आर्थिक वर्ष बाट लगत कट्टा हुने व्यहोरा जानकारी गरिन्छ ।

८०।३।२६

( धर्म बहादुर खडायत )
नि.प्रमुख प्रशासकिय अधिकृत

तपशिल

१. जेष्ठ नागरिक,एकल महिला, विद्यवा,जेष्ठ नागरिक दलितको हकमा नेपाली नागरिकता प्रमाण पत्र प्रतिलिपि १ प्रति।
२. वाल पोषण भत्ता पाउने लाभग्राहीले जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।
३. अपाङ्गताको हकमा अपाङ्ग परिचय पत्रको प्रतिलिपी १ प्रति ।
४. लाभग्राहीहरुले परिचय पत्र साथ १ प्रति फोटा अनिवार्य लिएर वडा कार्यालयमा आउनु होला ।